# कुम्मायक गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः** १०          **संख्याः** २          **मितिः** २०८३/०३/०८

## भाग- २

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०३/०८

**नेपालको संविधान बमोजिम कुम्मायक गाँउपालिकाको कार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ।**

**संवत २०८३ सालको कार्यविधि नं २**

# कुम्मायक गाउँपालिका शैक्षिक सहायता तथा छात्रवृत्ति व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३

कुम्मायक गाउँपालिका, पाँचथर

आर्थिक रुपमा विपन्न तथा अन्य विभिन्न कारणले आधारभूत, माध्यमिक तथा उच्च तह र प्राविधिक शिक्षा लगायतको सहज पहुंच हासिल गर्न कठिनाईमा रहेका वा नपाएका अनाथ, विपन्न, असहाय, जेहेन्दार बालबालिकाहरुलाई पहुँच विस्तार गरी समग्र पालिकाको दक्ष जनशक्ति उत्पादन र व्यवस्थापनमा सहयोग गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) उपदफा (२) तथा कुम्मायक गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ७१ को अधिकार प्रयोग गरी कुम्मायक गाउँकार्यपालिकाले **कुम्मायक गाउँपालिका शैक्षिक सहायता तथा छात्रवृत्ति व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३** जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "**कुम्मायक गाउँपालिका शैक्षिक सहायता तथा छात्रवृत्ति व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३**" रहेकोछ।

(२) राजपत्रमा प्रकाशित भए पछि यो कार्यबिधि लागु हुनेछ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "गाँउपालिका" भन्नाले कुम्मायक गाँउपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले कुम्मायक गाँउ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "वडा" भन्नाले कुम्मायक गाँउपालिकाका वडा कार्यालयहरुलाई सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले कुम्मायक गाउँशिक्षा समिति सम्झनुपर्छ।

(ङ) "शैक्षिक सहायता तथा छात्रवृत्ति" भन्नाले आर्थिक रुपमा विपन्न लागायत अन्य विभिन्न कारणहरुले आधारभूत, माध्यमिक तथा उच्च तह र प्राविधिक शिक्षा प्राप्त गर्नबाट बञ्चित हुने जोखिममा रहेका वा नसकेका विद्यार्थीहरुलाई गाँउपालिकाबाट प्रदान गरिने शैक्षिक सहायता तथा छात्रवृत्ति रकमलाई सम्झनुपर्छ।

(च) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम गाँउपालिकाबाट उपलब्ध गराइने छात्रवृत्ति प्राप्तिका लागि छनौट भएका विद्यार्थीलाई सम्झनुपर्छ।

(छ) "सम्बन्धित विद्यालय वा शैक्षिक संस्था" भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्ति बमोजिम अध्यापन गराउने विद्यालय वा शैक्षिक संस्थालाई सम्झनु पर्छ।

**३. शैक्षिक छात्रवृत्ति प्रदान गरिने :** गाँउपालिका तथा वडा कार्यालयहरुले निम्नानुसार छात्रवृत्ति प्रदान गर्नेछन्,

(१) गाँउपालिकाले आर्थिक रुपमा विपन्न लागायत अन्य विभिन्न कारणहरुले आफ्ना बालबालिकालाई आधारभूत, माध्यमिक तथा उच्च तह र प्राविधिक शिक्षा सहजका लागि छात्रवृत्ति प्रदान गरिनेछ।

(२) विधार्थीलाई आधारभूत, माध्यमिक तथा उच्च तह र प्राविधिक शिक्षा प्रदान गर्न नसक्ने परिवारका सदस्यहरुलाई यस कार्यविधिको अधीनमा रही उनीहरु अध्ययनरत पालिकाभित्र सञ्चालित विद्यालय वा शैक्षीक संस्थामा अध्ययन गर्न विभिन्न शैक्षिक सामग्री सहायता तथा न्यूनतम पुस्तकालय शुल्क, प्रबेश शुल्क, परिक्षा शुल्क र मासिक शुल्कको आधरमा न्यूनतम रकम उपलब्ध गराउनेछ। तर पालिकालाइ आवश्यक पर्ने जनशक्ति

उत्पादनका लागि पालिका बाहिरको शैक्षिक संस्थामा अध्ययन गर्ने बिद्यार्थीहरुलाइ पनि छात्रबृत्ति दिन बाधा पर्ने छैन।

(३) अनाथ बालबालिकालाई संबन्धित अध्ययनरत विद्यालय वा कलेज संग समन्वय गरी शैक्षिक सहायता तथा छात्रवृत्ति रकम उपलब्ध गराउँदा सम्बन्धित विद्यार्थी, विद्यालय वा शैक्षिक संस्थाले पेश गरेको कागजातका आधारमा सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ। तर खाद्यान्न लगायत अन्य शैक्षिक सामाग्रीको हकमा पालिकाले तोके अनुसार सहायता उपलब्ध गराउनेछ।

**४. शैक्षिक सहायता तथा छात्रवृत्ति वितरणको आधार तथा प्राथमिकता:** गाँउपालिका तथा वडा कार्यालयहरुले देहाय अनुसार शैक्षिक सहायता तथा छात्रवृत्ति बाँडफाँड गर्न सक्नेछन्,

(१) छात्रवृत्ति सम्बन्धी प्राप्त निवेदनका आधारमा गाउँपालिकाले शैक्षिक सहायता तथा छात्रवृत्ति संख्या र रकम निर्धारण गर्नेछ।

(२) कुनै वडाले बजेट ब्यवस्था गरी विधार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्नेछ सो सम्बनधमा वडाले वितरण गर्ने छात्रवृति वडासमितिको सिफारिस बमोजिम वितरण गरिनेछ।

(३) छात्रवृत्ति वितरण तथा छनौट गर्दा वडा तथा पालिकाको दोहोरो नपर्ने गरी वितरण गर्नुपर्नेछ। छात्रवृत्ति वितरण गर्दा देहाय बमोजिम आधार तथा प्राथमिकता राखी दिनुपर्नेछ :

(क) दफा ३ को उपदफा १ अनुसारको छात्रबृत्ती प्रप्त गर्ने विपन्न वर्ग, एकल महिलाका सन्तान, शहीद परिवार, वेपत्ता परिवार तथा वैदेशिक रोजगारीका सिलसिलामा मृत्यु भएका कामदारका परिवार र बिपपद्का कारण विस्थापित तथा प्रभावित परिवारका सदस्यहरु।

(ख) विपन्न वर्गका आदिबासी, जनजाति, दलित र लोपोन्मुख समूदायका सदस्यहरु,

(ग) अपाङ्कता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका अभिभावकका बालबालिकाहरु,

(घ) सामुदायिक विद्यालय तथा क्याम्पसमा अध्ययनरत सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु,

(ङ) प्राविधिक शिक्षा अध्ययन गर्न चाहने लाभग्राही परिवारका सदस्यहरु,

(च) पालिकाभित्रबाट कक्षा- ५, ८ र एसइइ परीक्षामा उत्कृष्ठ नतिजा हासिल गर्ने विधार्थी,

(छ) पालिकाभित्र सञ्चालनमा रहेको क्याम्पस लक्षित विधार्थी छात्रवृत्ति आदि,

(४) प्राप्त निवेदनका आधारमा छात्रवृत्ति रकम यकीन गरी वितरण गरिनेछ तर यसरी वितरण गर्दा एक आर्थिक वर्षमा छात्रवृत्ति वापत विनियोजित बजेट रकमको सिमामा रहेर वितरण गरिनेछ।

**५. छनौटको लागि सूचना प्रकाशन गर्ने :**

(१) वडा कार्यालय वा गाउँपालिकाले कम्तीमा ७ दिनको म्याद दिई यस कार्यविधि बमोजिम उपलब्ध गराइने छात्रवृत्तिका वितरणका लागि सूचना प्रकाशित गर्नेछ।

(२) विशेष अवस्थामा वडा तथा गाउँकार्यपालिकाले निर्णय गरी दरखास्त बुझाउने म्याद कम वा सोझै वितरण गर्न सक्नेछ तर निर्णयमा म्यादको सम्बन्धमा थप वा कम गर्नुपर्नाको कारण उल्लेख गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको सूचनामा देहायको विवरण समेत खुलाउनु पर्नेछ:

क) छात्रवृत्ति प्रदान गरिने समावेशी समूहको छात्रवृत्तिको संख्या,

ख) छात्रवृत्तिमा छनोट गर्ने प्राथमिकताका मुख्य आधारहरु,

ग) निवेदनन साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरु,

घ) निवेदन बुझाउनु पर्ने स्थान,

(४) उपदफा (३) बमोजिमको सूचना सम्बन्धित विद्यालय तथा शैक्षिक संस्था तथा गाउँकार्यपालिकाको वेभसाइट एवंम गाँउपालिकासँग सम्वन्धित सूचनाको माध्यमहरुबाट समेत प्रकाशन गर्नुपर्नेछ।

**६. निवेदन दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम शैक्षिक छात्रवृत्ति प्राप्त गर्न चाहने लक्षित समूहका इच्छुक लाभग्राहीले दफा (५) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा तोकिएको ढाँचामा तोकिएको स्थानमा देहायको कागजात सहित छात्रवृत्तिका लागि निवदेन पेश गर्नुपर्नेछ।

क) सम्बन्धित विधार्थीको निवेदन।

ख) अध्ययनका लागि भर्ना भएको विवरण ।

ग) निवेदनन साथ संलग्न गर्नुपर्ने सूचनामा तोकिएका अन्य कागजातहरु ।

घ) समान किसिमको कुनै छात्रवृत्ति प्राप्त नगरेको स्वघोषणा।

(२) तोकिएको अवधिभित्र र प्रकृया पुरा नगरी दरखास्त पेश गर्ने निवेदकले यस कार्यविधि बमोजिमको शैक्षिक छात्रवृत्ति सुविधा वितरण गरिने छैन्।

**७. विवरण पेश तथा सार्वजनिक :**

छात्रवृत्ति उपलब्ध गराइएका लाभग्राहीहरुको विवरण सम्बन्धित वडा तथा प्राप्त गर्ने शैक्षिक संस्थाले गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ। साथै प्राप्त गर्ने लाभग्राहीको विवरण अनिवार्य रुपमा वितरण गर्नु अगाडि उपयुक्त माध्यममार्फत सार्वजनिक समेत गर्नु पर्नेछ।

**८. छात्रवृत्तिको रकम भुक्तानी** :

छात्रवृत्तिको लागि छनोट भई छात्रवृत्ति प्रदान गर्दा गाँउपालिकाबाट सम्बन्धित छात्रवृत्ति शीर्षकमा विनियोजित बजेट शीर्षकबाट पालिकाले सम्बन्धित विद्यालय वा शैक्षिक संस्थामा अध्ययनरर्त विद्यार्थीलाई देहायको कागजातको आधारमा रकम भुक्तानी गर्नेछ।

क. सञ्चालित विद्यालय वा शैक्षीक संस्थामा अध्ययन गर्न पुस्तकालय शुल्क, प्रबेश शुल्क, परिक्षा शुल्क र मासिक शुल्क लगायतमा लाग्ने न्यूनतम रकम छात्रवृत्ति स्वरुप प्रदान गर्नुपर्नेछ।

**९. विद्यालय वा शैक्षिक संस्था परिवर्तन गर्न नपाउने :**

छात्रवृत्तिमा छनौट भई अध्ययन गरिरहेको लाभग्राहीले कम्तिमा एक शैक्षिक सत्रभित्र अध्ययन गरिरहेको विद्यालय वा शैक्षिक संस्था परिवर्तन गर्न पाउने छैनन्।

**१०. शैक्षिक छात्रवृत्ति रद्द गरिने** : देहाय बमोजिमको अवस्थामा समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्न सक्नेछ :–

(क) निवेदनका साथ झुठ्ठा विवरणहरु पेश गरेको प्रमाणित भएमा,

(ख) छात्रवृत्ति प्राप्त गरेको कक्षाको अध्ययन पूरा नगरेमा वा अध्ययन बिचैमा छाडेमा,

(ग) अध्ययन अवधिमा फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

(घ) विद्यार्थीको हैसियतले पालना गर्नुपर्ने आचरण सम्बन्धी कुरा बारम्बार पालना नगरेको भनी सम्बन्धित विद्यालय वा शैक्षिक संस्थाले दफा ७ बमोजिमको समितिलाई लिखित जानकारी गराएमा समितिको निर्णय बमोजिम।

**११. शैक्षिक छात्रवृत्ति प्रदान नगरिने** : गाँउपालिका तथा वडा कार्यालयहरुबाट विनियोजित रकम देहायको अवस्थामा लक्षित समूहका लाभग्राहीलाई छात्रवृत्ति प्रदान गरिने छैन :–

(क) संघ तथा प्रदेश सरकारबाट वा संघ तथा प्रदेश सरकारलाई प्राप्त भएको अन्य कुनै त्यस्तै शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थी,

(ख) कुनै शिक्षण संस्थाबाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको विद्यार्थी,

(ग) सामाजिक संघ संस्था वा अन्य कुनै निकाय वा सरोकारवालाबाट शैक्षिक छात्रवृत्ति प्राप्त गरिरहेको व्यक्ति,

(घ) कुनै पनि शैक्षिक छात्रवृत्तिका लागि सिफारिस भई पाउने सुनिश्चित भईसकेको विद्यार्थी,

(ङ) विद्यालय तथा शैक्षिक संस्थाको आन्तरिक अक्षयकोषबाट वितरण गरिने शैक्षिक छात्रवृत्ति प्रदान गर्न बाधा पर्ने छैन।

(ङ) कुनै पनि प्रकारको नियमित आम्दामी भएको कर्मचारी तथा जनप्रतिनिधिको विधार्थीलाई प्रदान गरिने छैन।

**१२. जानकारी गराउनु पर्ने :**

यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने लाभग्राहीले छात्रवृत्ति प्राप्त गरेको शैक्षिक सत्रको सबै परीक्षाहरुमा भाग लिएको वा नलिएको विषयमा सम्बन्धित विद्यालय वा शैक्षिक संस्थाले गाँउकार्यपालिका र वडा कार्यालयलाई लिखित जानकारी गराउनु पर्नेछ।

**१३. उजुरी गर्न सक्ने :**

(१) लाभग्राही उम्मेद्वार छनौट सम्बन्धी निर्णयमा चित्त नबुझ्ने निवेदक वा निजका परिवारले समितिको सिफारिस गर्ने निर्णय सार्वजनिक भएको मितिले सात दिन भित्र ठोस आधार र प्रमाण सहित गाउँकार्यपालिकामा उजुरी निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाँउकार्यपालिकाको बैठकबाट उजुरी सुनुवाई तथा निर्णय पुनरावलोकन हुनसक्नेछ।

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा गाउँकार्यपालिकाको बैठकको निर्णय अन्तिम हुनेछ।

**१४. बाधा अडकाउ फुकाउन सक्ने :**

यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा द्विविधा वा बाधा अड्चन परेमा कार्यपालिकाले बाधा अड्चन फुकाउनेछ।

**आज्ञाले,**

**जय नारायण खनाल**

**प्रमुख प्रशासकीय अधिकृत**

कुम्मायक गाँउपालिका, पाँचथर